# REGIONAL NEWS UNIT

## आकाशवाणी गान्तोक

BROADCAST: 18:40 hrs                                                                                    Date: 16.12.2025

### CM-Pre-Christmas

मुख्यमन्त्री प्रेमसिंह तामाङले जोरथाङमा आज आयोजित पूर्व–क्रिसमस समारोहलाई सम्बोधन गर्दै सिक्किमका सबै चाड–पर्वलाई साझा पर्वका रूपमा मनाउने परम्परा रहेको बताउनुभयो। उहाँले सबै समुदायको चाडपर्वमा सरकार साथमा रहेको स्पष्ट पार्नुभयो। मुख्यमन्त्रीले उक्त कार्यक्रमलाई सद्भावना, सहिष्णुता र विविधताभित्रको एकताको सन्देश दिने अवसरको रूपमा उल्लेख गर्दै प्रभु येशूको जीवन र शिक्षाले प्रेम, करुणा र सेवाको मार्ग देखाएको र सोही मार्ग अवलम्बन गर्न सबैलाई आग्रह गर्नुभयो। उहाँले इसाई धर्मको विशेषता र इसाई समुदायले सिक्किमको एकता, शान्ति र प्रगतिमा पुऱ्याएको योगदानको पनि प्रशंसा गर्नुभयो। मुख्यमन्त्रीले कार्यक्रमका क्रममा आज सम्मानित छ सय अरसठी जना पास्टरलाई बधाई दिनुभयो। उहाँले समुदायका मागहरूलाई सरकारले पूरा गर्ने प्रतिबद्धता जनाउनुका साथै, समुदायलाई सशक्त बनाउन शिक्षा क्षेत्रमा प्रगति आवश्यक रहेको पनि बताउनुभयो।

### Amar Subba

म्याराथन र ट्रेल दौडमा अनगिन्ती युवा खेलाडी र धावकहरूका प्रेरणाका श्रोत रहेका अमर सुब्बालाई चौध डिसेम्बर दुई हजार पच्चीसमा कालिम्पोङको मेला मैदानमा याक्थुङ शोङ चुम्भोले उहाँको समर्पण र उपलब्धिहरूका लागि सम्मानित गरेको छ। यो सम्मान छब्बीस जुलाई उन्नाइस सय छब्बीस-मा स्थापित याक्थुङ शोङ चुम्भोको शताब्दी समारोहको शुभ अवसरमा प्रदान गरिएको थियो।

### Sikkim -79th Santosh Trophy National Football Championship 2025

डिसेम्बर उन्नाइस देखि तेइस-सम्म मेघालयको शिलोङमा आयोजना हुने उन्नहत्तरौं सन्तोष ट्रफी राष्ट्रिय फुटबल च्याम्पियनशिप दुई हजार पच्चीस-का लागि सिक्किमको टोलीले प्रस्थान गरेको छ। उनीहरूको प्रस्थान अघि, फुटबल हाउस, गान्तोकमा जर्सी वितरण समारोह आयोजना गरिएको थियो।

### Nepali Sahitya Parishad

नेपाली साहित्य परिषद्,सिक्किमको कार्यकारिणी समितिको नेपालको सप्ताहव्यापी साहित्यिक भेटघाट कार्यक्रम समाप्त भएको छ। भेटघाटको कार्यक्रम अनुरूप टोलीले इटहरीमा स्वर्गीय धरणीधर दाहाल सांस्कृतिक केन्द्र, चितवनको सौराहास्थित थारू सांस्कृति केन्द्र, पोखरास्थित गोर्खा मेमोरियल म्यूजियम र काँकरीभिट्टामा त्रिफला राष्ट्रिय पुस्तकालयको भ्रमण गऱ्यो। यस क्रममा नेपाली साहित्यको विभिन्न आयाममाथि टोलीले चर्चा–परिचर्चा गऱ्यो । साहित्यिक भेटघाटको प्रत्येक कार्यक्रममा परिषद्का महासचिव नीलम न्यौपानेले परिषद्को स्थापनादेखि हालसम्मका गतिविधिहरू प्रकाश पार्नुभयो।

### Nepali Sahitya Parishad- Sikkim

यसैगरी आज नेपाली साहित्य परिषद्, सिक्किमले आयामेली साहित्यका एक स्तम्भ, वैरागी काइँला- तिलविक्रम नेम्बाङसित परिषद्कै निज भवनमा शिष्टाचार भेटघाटको कार्यक्रम आयोजन गऱ्यो । कार्यक्रममा श्री वैरागी काइँलाले आफ्नो मन्तव्यको क्रममा यस्तो भेटघाटको कार्यक्रमले दुवै देशको साहित्यिक गतिविधिबारे जानकारी पाउन सकिने कुरा राख्नुभयो। उहाँले लेखकहरूले जसोतसो पुस्तकहरू प्रकाशन गरे तापनि पाठक र बिक्रीको समस्या रहेकोमा दुःख प्रकट गर्नुका साथै अनुवाद साहित्यको क्षेत्रमा पनि कलम चलाएर हाम्रो साहित्यको फाँटलाई अझ विस्तार गर्नुपर्ने कुरामाथि जोड दिनुभयो।

### Review meeting at Soreng

नीति आयोगको ब्यानर अन्तर्गत, आकांक्षी जिल्ला कार्यक्रम र आकांक्षी ब्लक कार्यक्रमको समीक्षा बैठक आज जिल्ला प्रशासनिक केन्द्र सोरेङमा आयोजना गरियो। बैठकको मुख्य उद्देश्य आकांक्षी जिल्ला कार्यक्रम र आकांक्षी ब्लक कार्यक्रम अन्तर्गत विभिन्न योजनाहरूको प्रगति, कार्यसम्पादन सूचकहरू र कार्यान्वयन स्थितिको समीक्षा गर्नु थियो, जसमा जिल्ला र ब्लकहरूको प्रमुख सामाजिक-आर्थिक मापदण्डहरू सुधार गर्ने कुरामा जोड दिइएको थियो।

### Chess

मिजोरमको आइजोलमा आजदेखि सुरु भएको  तेइस्सौं उत्तरपूर्वी राज्य चेस च्याम्पियनशिप दुई हजार पच्चीसमा सिक्किम चेस एसोसिएसन-एस.सी.ए टोलीले भाग लिइरहेको छ।

समाचार पूरा भयो। अब यसलाई ६ पैंतालिसमा लेप्चा भाषामा पनि सुन्नुहोस्।